# स्थानीय राजपत्र

दिप्रुङ चुइचुम्मा गाउँपालिकाद्धारा प्रकाशित

खण्ड: ४ | सङख्या: १६ | प्रकाशित मिति : २०७८/०३/३१

प्रमाणित मिति : २०७८/०३/१०


## भाग -१

## दिप्रुङ चुईचुम्मा गाँउपालिकाको विनियोजन ऐन, २०७८

दिप्रुङ चुइचुम्मा गाँउपालिकाको आर्थिक वर्ष २०७८/०७९ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना:**
दिप्रुङ चुइचुम्मा गाँउपालिकाको आर्थिक वर्ष २०७८/०७९ को सेवा कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप- धारा (२) बमोजिम दिप्रुङ चुइचुम्मा गाँउपालिकाको गाँउ सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम “दिप्रुङ चुइचुम्मा गाँउपालिकाको विनियोजन ऐन २०७८” रहेको छ।

(२) यो ऐन २०७८ साल श्रावण १ गते देखि लागू हुनेछ।

२. **आर्थिक वर्ष २०७८/०७९ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :** (१) आर्थिक वर्ष कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालू खर्च पूँजिगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ६२,२८,३७,५९०।०० (अक्षेरुपी बैसट्ठी करोड अट्ठाइस लाख सइतिस हजार पाँच सय नब्बे मात्र) मा नवढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ। साथै गाउपालिकाको संचित कोषमा मौज्दात रहने रकम गा.पा.को वैठकले निर्णय गरी खर्च गर्न सकिनेछ।

३. **विनियोजन :** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७८/०७९ को निमित्त दिप्रुङ चुइचुम्मा गाँउपालिकाको गाँउ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखीएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनै अपुग हुने देखिन आएमा गाँउ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा, खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकमा सार्न र वित्तीय व्यवस्था अन्तर्गत सावा भुक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

तर चालु तथा पूजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाँउ सभाको स्वीकृति लिनु पर्नेछ।

अनुसूचि -१

(दफा २ संग सम्बन्धित)

## नेपालको संविधानको धारा २२९(२) बमोजिम

### संचित कोषबाट विनियोजन हुने रकम

### (क) संचित कोषबाट बाँडफाड गरी खर्च गर्न सकिने बजेट विवरण

| क्र.सं. | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | संघीय सरकार समानिकरण अनुदान | ९,८०,००,०००।०० | |
| २ | संघीय सरकार राजश्व बाँडफाँड | ७,११,७४,०००।०० | |
| ३ | प्रदेश सरकार वित्तीय समानिकरण | ५५,२८,०००.०० | |
| ४ | प्रदेश सरकार सवारी साधन कर | ३९,१३,५९०.०० | |
| ५ | आन्तरिक श्रोत | २५,००,०००.०० | |
| ६ | प्रशासनिक सुधार | ३,८०,००,०००.०० | |
| जम्मा | | २१,९१,१५,५९०.०० | |
| अन्य अनुदान | | | |
| ७ | सर्शत अनुदान | २७,०६,००,०००.०० | |
| ८ | विशेष अनुदान | ८३,००,०००.०० | |
| ९ | समपुरक अनुदान | २,०५,००,०००.०० | |
| १० | प्रदेश समपुरक अनुदान | १,००,००,०००.०० | |
| ११ | प्रदेश सर्शत अनुदान | १,१९,२२,०००.०० | |
| १२ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | २४,००,०००.०० | |
| १३ | सामाजिक सुरक्षा भत्ता | ८,००,००,०००.०० | |
| जम्मा | | ४०,३७,२२,०००.०० | |
| कुल बजेट | | ६२,२८,३७,५९०.०० | |

## (ख) कुल विनियोजित बजेटबाट खर्च हुने खर्चको विवरण

| क्र. सं. | विवरण | | बजेट | जम्मा बजेट | प्रतिशत | कै. |
|---|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | समानीकरण | १,४७,००,०००.०० | ५,४८,००,०००.०० | ९% | |
| | | सशर्त अनुदान | ४,०१,००,०००.०० | | | |
| २ | पूर्वाधार विकास | समानीकरण | ९,८७,६५,५९०.०० | १६,२४,८७,५९०.०० | २६% | |
| | | सशर्त अनुदान | ३,०८,२२,०००.०० | | | |
| | | समपुरक अनुदान | ३,०५,००,०००.०० | | | |
| | | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | २४,००,०००.०० | | | |
| ३ | शुसासन तथा अन्तर सम्बन्धित क्षेत्र | समानीकरण | ५,९७,००,०००.०० | ६,५१,००,०००.०० | १०% | |
| | | सशर्त अनुदान | ५४,००,०००.०० | | | |
| ४ | सामाजिक विकास | समानीकरण | ४,५९,५०,०००.०० | ३४,०४,५०,०००.०० | ५५% | |
| | | सशर्त अनुदान | २०,६२,००,०००.०० | | | |
| | | विशेष अनुदान | ८३,००,०००.०० | | | |
| | | सामाजिक सुरक्षा भत्ता | ८,००,००,०००.०० | | | |
| कुल जम्मा | | | ६२,२८,३७,५९०.०० | | १००% | |

आज्ञाले,

भिम प्रसाद दाहाल

प्रमुख प्रशासकीय अधिकृत